कास्की जिल्ला अदालत
पोखरा

# कास्की जिल्ला अदालतवाट जारी गरिएको

## सूचना

मितिः २०७८/०४/०५

विश्वव्यापी महामारीको रूपमा तीव्र गतिमा फैलिएको नयाँ भेरियन्टको कोरना भाइरस (COVID-19) को संक्रमणका कारण यस अदालतबाट प्रवाह हुने सेवा तथा कामकारबाहीमा संकुचन ल्याउने गरी यस अदालतको पूर्ण बैंठकबाट विभिन्न मितिहरुमा निर्णय भएकोमा यस अदालतको मिति २०७८/०४/०५ गतेको पूर्ण बैंठकबाट देहाय बमोजिम निर्णय भएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

१) यय अदालतबाट प्रवाह हुने सम्पूर्ण सेवाहरु मिति २०७८/०४/१५ गतेदेखि सुचारु हुने।

२) सेवा संकुचन भएको मिति २०७८/०१/१५ गतेदेखि २०७८/०४/१४ गतेसम्मको अवधिको हद म्याद म्याद,तारेख थाम्ने थमाउने सम्बन्धमा सम्मानित सर्वोच्च अदालको बृहत पूर्ण इजलासको मिति २०७७/०२/१५ गतेको आदेश बमोजिमको सुविधा मिति २०७८/०४/१५ गतेदेखि लागु हुने भनी सम्मानित सर्वोच्च अदातको पूर्ण बैंठकबाट मिति २०७८/०३/३१ मा निर्णय भएको हुँदा सो बमोजिम सुविधा उपलब्ध हुने। सो बमोजिम हदम्याद,म्याद,तारेखमा अदालतमा उपस्थित हुनुपर्ने सेवाग्रहीहरु मिति २०७८/०४/१५ गतेबाट ३० दिन भित्र अदालतमा उपस्थित हुनुपर्ने (सम्भव भएसम्म जुनबार तारेख तोकिएको छ सोही बार उपस्थित हुने)

(पुनश्चः सेवा लिन आउने सेवाग्राहीले स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड अनिवार्य रुपमा अवलम्बन गर्नु पर्नेछ।)